## अनुसूची ४

# सन् २०२२ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मार्फत मुलुकभित्रका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विभिन्न घटनाहरूको दस्तावेजीकरण र अभिलेखीकरणसम्बन्धी महत्त्वपूर्ण कार्य गर्दै आएको छ। यसैक्रममा इन्सेकले मानव अधिकारसम्बन्धी विभिन्न सवालहरूलाई समावेश गरी नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेकोमा राष्ट्रिय मानव अधिकार आयोग हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछ।

मानव अधिकारको दस्तावेजीकरण तथा अभिलेखीकरणको माध्यमबाट मानव अधिकार हनन्को तथ्य, तथ्याङ्क तथा विवरणहरूलाई सङ्कलन, संरक्षण र साझा गरिँदै आएको छ। यसले मानव अधिकार उल्लङ्घनबाट भएका क्षति तथा हानि नोक्सानीहरूका विरुद्ध समाधान खोज्ने, मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउने, विगतको अवस्थालाई वर्तमान र भविष्यका लागि सुरक्षित राख्न उल्लेखनीय भूमिका खेल्ने विश्वास लिएका छौँ।

मानव अधिकार संरक्षण र संवर्द्धनको प्राथमिक दायित्व राज्य र यसका निकायको हो। साथै, मानव अधिकार उपभोगको निगरानी, खबरदारी, पीडितलाई न्यायमा पहुँचको लागि सहजीकरण, मानव अधिकारको अवस्था अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्ने, मानव अधिकारका सवालहरूमा धारणा सार्वजनिक गर्ने तथा मानव अधिकारको अवस्थाहरूको अभिलेखीकरण र दस्तावेजीकरण गर्ने कार्य मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको हुन आउँछ, यस कार्यमा इन्सेकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक निकायको रूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अग्रस्थानमा रहेर कार्य गर्दै आएको छ। यसक्रममा सरकारलाई मानव अधिकारप्रति दायित्वाधीन बनाउने सन्दर्भमा आयोगले इन्सेक लगायत मानव अधिकार सङ्घसंस्थाहरूसँग सहयोग, सहकार्य र समन्वय गर्दै आएको छ। मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण, उनीहरूको सुरक्षा, पहिचान र मान्यताका लागि राष्ट्रिय कानुनको अपरिहार्यतालाई मध्यनजर गर्दै इन्सेक लगायत मानव अधिकार संस्थाहरूसँगको सहकार्य र समन्वयमा मानव अधिकार रक्षक प्रदेश तथा राष्ट्रिय सम्मेलनहरू वर्ष २०२२ मा आयोजना गरिएका छन्। यसबीचमा मानव अधिकारको वकालत, पीडितको मानव अधिकार प्राप्तिका लागि अभियान सञ्चालन गर्ने, न्यायमा पहुँच पुऱ्याउन सक्रिय भूमिका निर्वाह गर्ने तथा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि विशेष कानुनको निर्माणका लागि महत्वपूर्ण रूपमा कार्य अगाडि बढेको छ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको जिम्मेवारी राज्य तथा यसका निकायहरूको भए तापनि बृहत् दृष्टिकोणबाट हेर्ने हो भने अब मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि मुलुकभित्रका सबै पक्षहरूले गम्भीर भएर लाग्नुपर्ने देखिन्छ। मानव अधिकारको सवाललाई राज्यका निकाय, विभिन्न मानव अधिकार तथा नागरिक सङ्घसंस्था र व्यवसायिक निजी प्रतिष्ठानहरूको साझा जिम्मेवारी तथा दायित्वको रूपमा स्वीकार गर्नुपर्दछ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मुलुकभित्रका मानव अधिकार हनन्का घटनाहरूको मुख्य सूचना स्रोत पनि हो। साथै यसले जिम्मेवार सबैलाई जवाफदेही र जिम्मेवार भएर काम गर्न सचेत र जागरुक बनाउँदै आएको छ।

'नेपाल मानव अधिकार वर्ष पुस्तक' मा नागरिक तथा राजनीतिक अधिकारको हनन् तथा आपराधिक घटनाहरू र त्यस्ता घटनाहरूले मानव अधिकारको उपभोग तथा संरक्षण र संवर्द्धनमा पारेको प्रभावहरू समावेश गरिँदै आएकोमा विगत केही समयदेखि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अभिलेखीकरणले पनि स्थान पाउँदै

आएको छ। यसले विगत र वर्तमानको मानव अधिकार अवस्थाको तुलनात्मक अध्ययन गरी मानव अधिकारको अवस्थामा सुधार ल्याउन जिम्मेवार र जबाफदेही हुनुपर्ने पक्षहरूलाई दायित्वाधीन बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको अनुभूति गरेका छौँ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणबिना नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोग प्रभावकारी हुन सक्दैन। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मा अभिलेख भएका घटना तथा सवालहरूलाई अध्ययन तथा अनुसन्धानको विषय बनाएर नीतिगत सम्बोधन हुनसके यसबाट सार्वजनिक तथा निजी संस्थाहरू लाभान्वित भई मानव अधिकारको अवस्थामा सुधार हुन सक्ने देखिन्छ। विभिन्न घटनाहरूको छानविन, अनुसन्धान तथा अनुगमन गरी यसलाई न्यायमा पहँच र न्याय सम्पादन कार्यका लागि महत्त्वपूर्ण साधन तथा सन्दर्भ सामग्रीको रूपमा सम्बन्धित निकायले प्रयोग गर्नसके यसको प्रभावकारितामा अझै बढ्ने देखिन्छ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' मार्फत विगत र वर्तमानको मानव अधिकार अवस्थाको तुलनात्मक अध्ययन गरी मानव अधिकारको अवस्थामा सुधार ल्याउन जिम्मेवार र जवाफदेही हुनुपर्ने पक्षहरूलाई दायित्वाधिन बनाउन सहयोग पुग्नेछ।

अन्त्यमा 'नेपाल मानव अधिकार वर्ष पुस्तक' ले मानव अधिकारको दृष्टिकोणले ओझेलमा परेका सवालहरूलाई सतहमा ल्याउने थप प्रयासहरू गर्नुका साथै अभिलेखीकरण तथा दस्तावेजीकरण गर्ने क्रममा मानव अधिकारका नवीनतम आयामहरूसँग सम्बन्धित विषयहरू पनि समावेश गर्दै जाने अपेक्षा गर्दछौँ। 'नेपाल मानव अधिकार वर्ष पुस्तक' नेपालको मानव अधिकारको अवस्थालाई सार्वजनिक गर्ने अग्रणी दस्तावेजको रूपमा रहनेछ भन्ने विश्वास गर्दै इन्सेकको यस सत्प्रयासमा विगत झैँ आगामी दिनमा पनि राष्ट्रिय मानव अधिकार आयोगको साथ र सहयोग रहने विश्वास दिलाउन चाहन्छौँ, धन्यवाद।

**मुरारिप्रसाद खरेल**
का.मु. सचिव

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार सचेतनाको अभिवृद्धि, पैरवी र खबरदारी गर्ने संस्थाको रूपमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानव अधिकारको क्षेत्रमा लामो योगदान रहँदै आएको छ। सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको यस संस्थाले यस वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। हरेक वर्ष प्रकाशन हुने यस पुस्तकमा नेपालमा मानव अधिकारको अवस्थाको चित्रण गरिने हुँदा यो पुस्तक मानव अधिकारको संरक्षण, संवर्द्धन गर्ने निकायका लागि उपयोगी हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ।

नेपालको संविधानले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र लगायत नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धिहरू र विश्व समुदायले स्वीकार गरेका आधारभूत मान्यतालाई अङ्गीकार गर्दै मौलिक हकमा व्यवस्था गरेको विदितै छ। मानव अधिकारको क्षेत्रलाई थप सुदृढीकरण गरी कसैलाई पनि आधारभूत मानव अधिकारबाट वञ्चित हुनुनपर्ने वातावरण सिर्जना गर्नको लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धतालाई कार्यान्वयन गर्न नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिँदै आएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ कात्तिक १६ गतेको निर्णयबाट 'मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब. २०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०८२०' स्वीकृत भई कार्यान्वयनमा आएको छ। यी दुवै कार्ययोजनाको एकीकृत पुस्तिका प्रकाशन भइसकेको समेत जानकारी गराउन चाहन्छौँ। दुवै कार्ययोजनाले विशेषत: आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्ने र आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्ग समुदायको संरक्षण र सशक्तिकरण गर्ने उद्देश्य राखेको छ। यो कार्ययोजनाको मूल उद्देश्य मानव अधिकारको सम्मान र संरक्षणमा केन्द्रित भएको हुँदा दुवै कार्ययोजनालाई एक अर्काका परिपूरकको रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। साथै, यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा प्रचार प्रसार तथा कार्यान्वयनमा पैरवी एवम् नागरिक समाजको तर्फबाट अनुगमनसम्बन्धी कार्यमा समेत इन्सेकसँग निरन्तर सहकार्य हुने अपेक्षा गरेका छौँ।

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र प्रत्याभूति गराउने दायित्व सबै निकायहरूको भएको र यसबाट नै मानव अधिकार संस्कृतिको विकास हुने हुँदा सम्बद्ध सबै निकाय तथा सरोकारवालाहरूबाट यी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुनेमा हामी विश्वस्त छौँ। अन्त्यमा, इन्सेकबाट विभिन्न समयमा यस महाशाखालाई मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको क्षेत्रमा नेपाल सरकारले गर्न सक्ने सुधारका विषयमा सकारात्मक सुझाव/ पृष्ठपोषण निरन्तर उपलब्ध गराउँदै आउनुभएकोमा धन्यवाद दिन चाहन्छौँ।

**दीपा परियार**
शाखा अधिकृत
मानव अधिकार तथा अन्तर्राष्ट्रिय,
सन्धि सम्झौता महाशाखा
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## परराष्ट्र मन्त्रालय

नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रकाशन गरी नेपालमा मानव अधिकार संरक्षण, संवर्द्धन तथा सामाजिक न्यायका लागि इन्सेकले गरेको निरन्तर प्रयासका लागि नेपाल सरकार परराष्ट्र मन्त्रालय प्रसंशा व्यक्त गर्दै वर्ष पुस्तक २०२३ को लागि शुभकामना व्यक्त गर्दछ।

राष्ट्रिय सम्प्रभुत्ताको सीमारहित हरेक व्यक्तिको मानव अधिकारप्रति राज्यको जिम्मेवारी रहेकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षण र संवर्द्धनमा सरकारले महत्त्वपूर्ण भूमिका खेलेको छ। नेपालका नागरिकहरूका लागि नागरिक तथा राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संवैधानिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ। मुलुकभित्रका स्थापित मानव अधिकार मानकलाई संरचनागत रूपमा संस्थागत गरिएको छ। नेपालले बहुराष्ट्रिय संयन्त्रहरू मार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत र अल्पसङ्ख्यक समुदाय तथा आप्रवासीहरू, र जलवायु न्याय, कोभिड-१९, दिगो विकास लक्ष्यका विषयलाई महत्व दिएको छ।

नेपाल मानव अधिकारका सात अन्तर्राष्ट्रिय महासन्धिहरू र सम्बद्ध ६ वटा ऐच्छिक आलेख, सात ओटा मानवीय सन्धिहरू जसमध्ये जेनेभा महासन्धि २०४९, ११ वटा ILO महासन्धि, र १४ वटा अन्य अन्तर्राष्ट्रिय तथा दुई वटा क्षेत्रीय सन्धिहरूमा पक्षराष्ट्र भएको नेपाल मानव अधिकारका मूल्यहरू पूर्ण रूपमा पालना गर्न प्रतिबद्ध छ।

यस वर्ष, मानव अधिकार र लोकतन्त्रका लागि संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् र सम्बद्ध निकायमा संग्लन रहेर नेपालले संरक्षण र संवर्द्धनका कार्यहरू गऱ्यो। विश्वको विभिन्न भौगोलिक प्रतिनिधित्व रहने मानव अधिकार परिषद् अधिकार संरक्षणका लागि महत्वपूर्ण संयन्त्रको रूपमा रहेको छ। मानव अधिकार परिषद्मा दोस्रो कार्यकाल (२०२१ देखि २०२३) लागि पुनः निर्वाचित भएको नेपालले यस परिषद्मा महत्वपूर्ण भूमिका खेलेको छ। दोश्रो कार्यकालका लागि निर्वाचित हुनुले नेपालको मानव अधिकारप्रतिको योगदान र प्रतिबद्धताप्रति अन्तर्राष्ट्रिय समुदायले गरेको कदरको रूपमा लिएका छौँ। त्यसैगरी, संयुक्त राष्ट्रसङ्घको महिला विरुद्ध हुने सबै प्रकारका भेदभावसम्बन्धी कमिटीमा २०२१ देखि २०२४ को कार्यकालका लागि पुनः निर्वाचित भएर नेपालले लैङ्गिक समानता, महिला सशक्तीकरण र संरक्षणका लागि देशभित्र र बाहिर महत्वपूर्ण कार्यहरू गर्दै आएको छ।

सन्धिजनित निकायहरूमा सामयिकरूपमा प्रतिवेदन प्रस्तुत गर्ने र आवश्यक संग्लनता जनाउने विषयमा राज्य जानकार छ। सम्भव भएसम्म, नेपाले नियमित रूपमा संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकायहरू जस्तै CEDAW / CRC लगायतमा पेश गरेको प्रतिवेदनले राष्ट्रको क्षमता र अन्तर्राष्ट्रिय गरिमा बढेको छ।

नेपालले भर्खरैमात्र संयुक्त राष्टसङ्घको सुरक्षा परिषद्को महिला, शान्ति, र सुरक्षा सङ्कल्प १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८०/८१) अनुमोदन गरेको छ। यस योजनाले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका सम्पूर्ण प्रक्रियामा महिला तथा बालिकाको समावेशी सहभागिता तथा उनीहरूको सुरक्षा तथा संरक्षणको लक्ष्य लिएको छ। साथै, नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षाको क्रममा स्वीकार गरेका सुझाव कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरेको छ।

कोभिड-१९ महामारीको समयमा मानव अधिकारको विषय र सरोकारहरू विश्वव्यापी भए। कोभिड-१९ महामारीको परिदृष्यमा बढेको गरिबी, चुलिएको असमानता, गहिरिएको विभेद तथा अन्य

प्राकृतिक असमानताहरूले मानव अधिकार संरक्षणमा चुनौती थप्यो। यस्तो समयमा नेपालले कोभिड-१९ विरुद्धको खोपमा समताको आवश्यकता लगायत स्वास्थ्य अधिकारका लागि अन्तर्राष्ट्रिय तहमा वकालत गऱ्यो। साथै जलवायु परिवर्तनको मानव अधिकार विशेष गरी शिक्षा, स्वास्थ्य, सरसफाइ र समानतामा परेको असर बारेमा मुलुक सचेत रहेको छ।

नेपालले स्वच्छ, स्वस्थ्य र दिगो वातावरणसँग मानव अधिकार संरक्षणको प्रत्यक्ष र पारस्परिक सम्बन्ध भएकाले स्वच्छ वातावरणीय अधिकार मानव अधिकारको रूपमा स्वीकार गर्न वकालत गरेको छ। राज्यले मानव अधिकारमैत्री विपद् जोखिम न्यूनीकरणको धारणा अवलम्बन गर्न आह्वान गरेको छ। साथै, विपत् प्रभावित जनताको उद्धार, राहत र पुन:स्थापनाका कार्यहरू मानव अधिकारमैत्री र गैरविभेद सुनिश्चित हुने प्रकृतिको हुनुपर्छ भन्ने मान्यतामा राख्दछ। सामाजिक सञ्जाल, आधुनिक सूचना प्रवाधि र साइबर क्षेत्रमा मानव अधिकारका मूल्य र अवधारणाहरूलाई संरक्षण र संवर्द्धन गर्न नेपालले पैरवी गरेको छ।

## गृह मन्त्रालय

१. नेपालको संविधानदद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकार र नागरिक स्वतन्त्रताको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र सहकार्य गरिएको।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (The United Nations International Convenant on Civil and Political Rights-ICCPR) को प्रतिवेदन तयार गर्ने सन्दर्भमा विभिन्न मन्त्रालय/निकायहरूसँग राय/सुझाव सङ्कलन एवम् प्रदेशस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम गरिएको।

३. यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Convention)-UNCAT) अन्तर्गत प्रतिवेदन अद्यावधिक गर्नका लागि यस मन्त्रालयमा समिति गठन गरी प्रक्रिया अगाडि बढाइएको।

४. मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रह्यो।

५. राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षणका सन्दर्भमा गरेका सिफारिसहरू कार्यान्वयन गरिएको।

६. मानव अधिकारका सन्दर्भमा विभिन्न निकायलाई राय परामर्श उपलब्ध गराउने गरिएको।

मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशित हुन लागेकोमा इन्सेकलाई शुभकामना व्यक्त गर्दछौं। इन्सेकले विगत लामो समयदेखि प्रकाशन गर्दै आइरहेको वर्ष पुस्तकले नेपालमा मानव अधिकारको अवस्था बारेमा चित्रण गर्ने गरेको छ। मानव अधिकारको अनुगमन, अभिलेखीकरण, पैरवी, खबरदारी गर्दै आइरहेको इन्सेकले मानव अधिकारको संरक्षणमा उल्लेख्य भूमिका निर्वाह गर्दै आइरहेको छ। मानव अधिकारको संरक्षणमा राज्यका सबै पक्षको भूमिका महत्वपूर्ण हुने भएकोले इन्सेकले मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि मानव अधिकारको संरक्षण र संवर्द्धनमा गृह मन्त्रालय समन्वय र सहकार्य गर्न सदैव तयार रहेको विश्वास दिलाउन चाहन्छौं।

अन्त्यमा, इन्सेकबाट प्रकाशबाट हुन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ मानव अधिकारको विविध पक्षबारे जानकारी लिन चाहने सबैलाई उपयोगी हुने विश्वास लिएका छौं।

**लक्ष्मी मरासिनी**
शाखा अधिकृत

## राष्ट्रिय महिला आयोग

नेपालमा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरूमध्ये अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नाम अग्रस्थानमा रहेको छ। यस संस्थाले देशमा मानव अधिकारको अवस्थाबारे सूचना र तथ्यहरूको सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गरी मानव अधिकार वर्ष पुस्तकको रूपमा हरेक वर्ष

प्रकाशन गर्ने गरेको छ। देशभरको मानव अधिकारको अवस्थालाई एउटा पुस्तकमा समेटेर आम सरोकारवाला समक्ष पुऱ्याउनाले मानव अधिकार संस्थाहरू एवम् सबै किसिमका अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित सार्वजनिक निकायहरूलाई समेत देशमा शान्ति सुव्यवस्था कायम गर्न र मानव अधिकार संरक्षणमा उपचारात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक क्रियाकलापहरू सञ्चालन गर्न स्पष्ट मार्गदर्शन प्राप्त भएको छ। राष्ट्रिय महिला आयोग महिलाको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि स्थापित संवैधानिक निकाय भएको हुँदा इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा राष्ट्रिय महिला आयोगले आफ्नो धारणा व्यक्त गर्नु सान्दर्भिक हुन्छ।

राष्ट्रिय महिला आयोग महिलाको हक, हित र अधिकार संरक्षण र संवर्द्धन गर्नका लागि स्थापना भएको संवैधानिक निकाय हो। नेपाली समाजमा लैङ्गिक हिंसाको माध्यम बनाई मानव अधिकार उल्लङ्घन गर्ने घटनाहरूको सङ्ख्या समग्र मानव अधिकार उल्लङ्घनका घटनामध्ये नै ठूलो हिस्सामा रहेको देखिएको छ। राष्ट्रिय महिला आयोगबाट महिला हिंसाको रूपमा भएका मानव अधिकार उल्लङ्घनका घटनासम्बन्धमा आयोगमा परेका उजुरीहरूमा पीडितलाई कानुनी सहायता प्रदान गर्ने, कानुनी परामर्श प्रदान गर्ने, मनोसामाजिक विमर्श प्रदान गर्ने, आश्रयस्थलको व्यवस्था गर्ने जस्ता सेवाहरू प्रवाह भएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्न नेपाल सरकार र गैरसरकारी क्षेत्र समेतबाट आवश्यक पहल गर्न अध्ययन, अनुसन्धान, सुझाव र सिफारिस गर्ने उद्देश्यले सचेतनामूलक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू समेत सञ्चालन भएको छ।

### (१) उजुरी व्यवस्थापन र सेवा प्रवाह

(१) उजुरी व्यवस्थापन : सन् २०२२ मा देहाय बमोजिम महिला हिंसाका घटनाहरूको उजुरी राष्ट्रिय महिला आयोगमा दर्ता भई पीडितहरूलाई सेवा प्रवाह भएको छ।

| | |
|---|---|
| शारीरिक हिंसा | : ६८४ |
| आर्थिक हिंसा | : ८७३ |
| मानसिक हिंसा | : ११९५ |
| यौनजन्य हिंसा | : ७७ |
| जम्मा दर्ता भएका उजुरी सङ्ख्या | : १२८२ |

पीडित भएको एक व्यक्ति वा एक उजुरीकर्ता नै एकभन्दा बढी हिंसा भोग्नु परेको अवस्था देखिएको छ। मानव अधिकार उल्लङ्घनका घटनामध्ये घरेलु हिंसाको रूपमा १ हजार १ सय ६० घटनाको उजुरीसमेत यस आयोगमा परेको र अन्य किसिमका महिला हिंसाको पीडित १ सय २२ जना महिलाहरू मानव अधिकारको उल्लङ्घन भएको भनी यस आयोगमा उजुरी दिन आएको देखिन्छ।

### (२) सेवा प्रवाह

राष्ट्रिय महिला आयोगबाट विश्व बैङ्कको सहयोगमा आ.व. २०७४/०७५ देखि सञ्चालनमा आएको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" आ.ब. २०७८/०७९ (सन् २०२१ जुलाई १६) देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन भएको छ। यसबाट देशभरिका महिलाहरूले आफ्नो मानव अधिकार हनन् भएको महसुस हुनासाथ तुरुन्तै ११४५ मा टेलिफोन गरी समस्या राखी सेवा लिनसक्ने व्यवस्था गरिएको छ।

### (२) मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि यस आयोगबाट भएका प्रयासहरू:

- महिलामाथि हुने सबै किसिमका दुर्व्यवहारहरू अन्त्य गर्ने विषयलाई मुख्य प्राथमिकतामा राखी आयोगको तेस्रो रणनीतिक योजना तर्जुमा भएको छ।
- स्थानीय तह सदस्य निर्वाचन, २०७९ तथा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को समयमा महिलामाथि हुने हिंसाका विषयमा स्थलगत अनुगमनका लागि अनुगमन टोलीहरू खटाइएको र हिंसाका घटना हुन नदिन समेत प्रेस विज्ञप्ति र सरोकारवालाहरूको ध्यानाकर्षण गरिएको छ।
- महिला अधिकार मानव अधिकारको पर्यायको रूपमा रहेको विषयलाई मध्यनजर गर्दै महिला अधिकारका मुद्दा उठान र पहिचान गरी नीतिगत सिफारिस गर्न सरोकारवालाहरूसँग सहकार्य बैठकहरूको आयोजना गरिएको छ।
- विद्यालयमा किशोरीहरूमाथि समेत हिंसा भइरहेका घटनाहरू सञ्चारमाध्यममा आएसँगै पाठ्यक्रममा नै यस विषयलाई समावेश गर्ने उद्देश्यले पाठ्यक्रम निर्धारण र कार्यान्वयन गर्ने निकायहरूसँग अन्तरक्रिया र छलफलको आयोजना गरी सुझावहरू प्रेषण गरिएको छ। विद्यालयमा हुनसक्ने हिंसा न्यूनीकरण गर्न विद्यालय स्तरका

सरोकारवालाहरूसँग समेत अन्तरक्रिया र छलफल गरिएको छ।

- अपाङ्गता भएका महिलाहरूमाथि हुने हिंसा न्यूनीकरण गर्ने उद्देश्यसहित सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- ज्येष्ठ महिला माथि हुने हिंसा र दुर्व्यवहार अन्त्य गर्ने उद्देश्यले सरोकारवालाहरूमाझ अन्तरक्रिया गरिएको छ।
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूमाथि हुने हिंसा र दुर्व्यवहारका सवालमा नीतिगत सुझाव तथा सिफारिसका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न सचेतनामूलक कार्यक्रम सहित सम्पन्न गरिएको छ। यसबाट लैङ्गिक हिंसा/घरेलु हिंसा/यौनजन्य हिंसाको रूपमा हुने मानव अधिकारसम्बन्धी विकृति नियन्त्रणमा सरोकारवालाको ध्यानाकर्षण हुने अपेक्षा गरिएको छ।
- मानव अधिकारसँग सम्बन्धित विभिन्न दिवसहरू सचेतनामूलक अभियानसहित मनाइएको छ। दिवसीय अभियानहरू महिला हिंसा नियन्त्रणको अभियानलाई प्रभावकारी बनाउन लक्षित गरिएको छ।
- प्रथा र परम्पराजन्य हानिकारक अभ्यासहरू मानव अधिकार उल्लङ्घन गर्ने मुख्य माध्यमको रूपमा विशेष समुदाय र वर्गमा देखिएको हुँदा यस्ता हानिकारक अभ्यासहरू उन्मूलन गर्ने दिशामा सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्ने उद्देश्यले मधेस प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा पुगी सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया कार्यक्रमहरू गरिएको छ।

### (३) राष्ट्रिय महिला आयोगबाट गरिएको अनुगमन र प्राप्त अनुभव

लैङ्गिक हिंसासम्बन्धी क्षेत्रमा सेवा प्रवाह गर्न खटिएका निकायहरू र हिंसाका घटना घटेका स्थानहरूमा पुगी स्थलगत अनुगमन गरिएकोमा देहाय बमोजिम विवरण प्राप्त भएको छ।

*(१) अनुगमन गरिएको क्षेत्र :*

१) पुनर्स्थापना केन्द्र एवं अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्ने गैरसरकारी संस्थाहरू।

२) सरकारी निकायहरू (एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र, स्थानीय न्यायिक समिति आदि)

३) महिला हिंसाका घटनाहरू भएका स्थानहरू

*(२) अनुगमनमा देखिएको अवस्था अनुसारको सुझाव*

- हिंसा पीडितलाई अल्पकालीन एवम् दीर्घकालीन संरक्षण दिने किसिमका पुर्नस्थापना केन्द्र एवम् सेवा केन्द्रहरू साधन सम्पन्न बनाइनु पर्ने।
- अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई आर्थिक, भौतिक र मानवीय स्रोत सम्पन्न बनाइ हिंसा पीडितको पहुँचमा पुऱ्याउन प्रचार प्रसार समेत गर्नुपर्ने।
- महिलासँग सम्बन्धित सेवा तथा लैङ्गिक हिंसा पीडितलाई सेवा प्रवाह गर्न स्थापना भएका सरकारी, गैरसरकारी एवं नीजि क्षेत्रका निकाय/संघसंस्थाले सेवा प्रवाह गर्दा लैङ्गिक संवेदनशील कार्यशैली र व्यवहार अवलम्बन गर्नुपर्ने।

### (४) आमसञ्चार माध्यमबाट आएको समाचारको आधारमा गरिएको सहयोग र सेवा प्रवाह

लैङ्गिक हिंसाका घटनाहरू विभिन्न सञ्चार माध्यमबाट यस आयोगको जानकारीमा आएपछि आयोगले पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन देहाय बमोजिमका कार्यहरू यथासम्भव सबै घटनाहरूको सन्दर्भमा घटना व्यवस्थापनका लागि गरिएको छ।

हिंसाको घटना भएको एकीन भएपछि यथासम्भव छिटो छरितो प्रक्रियाबाट पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन सबै सरोकारवालको ध्यानाकर्षण गराइएको।

पीडितलाई न्यायको पहुँचमा सम्बन्धित संस्था निकायमा सिफारिस गरी तत्काल उद्धार मनोसामाजिक विमर्श, कानुनी परामर्श तथा अल्पकालीन आश्रयस्थलको व्यवस्था गरिएको।

महिला हिंसाका घटना हुन नदिन सरोकारवालाहरूलाई लक्षित गरी ध्यानाकर्षण गर्ने गरिएको।

### (५) निष्कर्ष

- देशमा सन् २०२२ मा मानव अधिकारको अवस्था देहाय बमोजिम देखिएको छ।
- यौनजन्य दुर्व्यवहारका घटनाहरू सञ्चार माध्यमबाट व्यापक रूपमा उजागर भइरहेको।
- हिंसा पीडितहरू न्यायको माग गर्दै सेवा प्रवाह गर्ने

निकायसम्म पुग्ने प्रवृत्ति बढ्दै गएको।

- मानव अधिकारको सवाल हो भनी प्रमाणद्वारा पुष्टि भएको अवस्थामा सरकारी निकायहरूबाट छरितो प्रक्रियाद्वारा पीडितलाई न्यायको पहुँचमा पुऱ्याइएको।
- पीडित व्यक्ति र न्यायको पहुँचमा संलग्न निकायसँगसँगै तेस्रोपक्षको हस्तक्षेप भएका घटनाहरूमा न्याय निरूपणको कार्य जटिल भएको विषय विभिन्न घटनाहरूबाट पुष्टि भएको।
- अपराध अनुसन्धानको विषयलाई सरकारको तर्फबाट परिचालित निकायहरूले विशेष प्राथमिकता राखेको।
- घरेलु हिंसाको रूपमा मानव अधिकार उल्लङ्घनको घटनाको अवस्था हेर्दा हिंसा न्यूनीकरणको लागि व्यापक प्रचार प्रसार सचेतना अभियान र सञ्चालन गर्नुपर्ने देखिएको।
- हिंसाका घटनाहरूमा न्याय निरूपणको प्रक्रिया रहेकै चरणमा विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र स्वार्थ समूह एवम् हित समूहहरू हावी रहेको हुँदा पीडितले न्याय र पीडकले सजाय पाउनुपर्ने विषय थप जटिल बनेको।

राष्ट्रिय महिला आयोग लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुऱ्याउन महिलाको हक हित र अधिकारको संरक्षण र संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्दै लैङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा योगदान पुऱ्याउँदै लैङ्गिक न्याय सुनिश्चित गर्ने उद्देश्यले स्थापित संवैधानिक निकाय हो। सन् २०२२ मा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू र त्यस्ता घटनाहरूको पीडितलाई न्यायको पहुँचमा पुऱ्याउने कार्यमा भएका असल अभ्यासहरू र कमजोरीहरू समेतबाट पाठ सिक्दै अबका दिनहरूमा उपचारात्मक र दण्डात्मक कार्यहरू समेतलाई प्रभावकारी बनाउँदै पीडितलाई न्यायको पहुँच, पीडकलाई सजायको व्यवस्थामा छरितो र समन्वयात्मक कार्यशैली अपनाउनु र प्रवर्द्धनात्मक कार्यहरूमा सहकार्य मार्फत प्रत्येक नेपालीले न्यूनतम मानवीय मर्यादासहित बाँच्न पाउने वातावरण सृजना गर्नु आजको आवश्यकता हो।

## मधेशी आयोग

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुने लागेको जानकारी पाउँदा  खुशी र हर्षित भएका छौं। यस आयोगमा आर्थिक वर्ष २०७५-७६ मा १२ उजुरी, आर्थिक वर्ष २०७६-७७ मा १ सय ८३, आर्थिक वर्ष २०७७-७८ मा १ सय ९०, आर्थिक वर्ष २०७८-७९ मा १ सय १४ उजुरी गरी जम्मा ४ सय ९९ उजुरीहरू दर्ता भएका छन्। खुल्ला सीमा, अपराध, नागरिकहरू अनागरिक भएको अवस्था, कोभिड-१९ र आर्थिक सङ्क्रमण सहितको दीर्घकालीन समस्याहरूका कारण समग्र 'मानव अधिकार' को अवस्था सुल्झिनुको सट्टा झन् बिग्रिएको देखिन्छ। प्रशासनको जनमैत्री व्यवहार अझै प्रभावकारी हुन नसकेको यथार्थ रहेको छ। वैदेशिक रोजगारीबाट ल्याएका रकम भन्दा यसको कारणले भित्रिएको सामाजिक, आर्थिक र सांस्कृतिक कुव्यवस्थाले समाजलाई झन् पीडामाथि पीडा थपेको अनुगमनबाट  देखिन्छ। श्रमिकको शवमाथि पनि विचौलिया हावी रहेको छ। धार्मिक द्वन्द्व तराई-मधेशका जिल्लाहरूमा बढेका छन्। धर्मान्तर र सोको नाममा अवैध रकम अत्यधिक भित्रिएका छन्। यसको उचित र प्रभावकारी व्यवस्थापन हुन नसकेको यथार्तता रहेको छ। अन्धविश्वास, छुवाछुत, दाइजोप्रथा, बालविवाह, महिला हिंसा, मधेशी, गैर मधेशीबीचमा गाली-गलौज, मधेशी-मधेशीबीचको गाली-गलौज, हत्या, आत्महत्या, कारागारमा हत्या/आत्महत्या थुनुवाहरूको यातना र त्यस पछिको दुष्परिणाम, निजी र सरकारी शिक्षण संस्थाहरूमा भएको गैरजिम्मेवारीपूर्ण व्यवहार, निजी स्वास्थ्य संस्था र मेडिकल कलेजहरूबारे गरिएको असामाजिक व्यवहार, जनप्रतिनिधिहरूको उदासिनता, गोइठा र गोरहाको प्रयोग पारम्पारिक इन्धनको रूपमा अझै तराई-मधेशका जिल्लाहरूमा भइरहेकोले महिलाहरूको स्वास्थ्य अवस्थामा प्रतिकूल असर पारेको छ। यसले अतिविपन्न र विपन्न वर्गहरूलाई झन समस्याग्रस्त जीवन व्यतित गर्न बाध्य पारेको छ। यस आयोगले यी सबै अवस्थालाई गहन रूपमा अनुगमन, समीक्षा र मूल्याङ्न गरी नेपाल सरकारमा संवैधानिक दायित्व अनुसार सिफारिस गरेको छ। साथै गरिबहरूको जीवन शितलहर, बाढीपहिरोले झन् समस्याग्रस्त बनाएको छ। विपत् व्यवस्थापनका कार्य प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ। यस आयोगले वर्ग पहिचान र समस्या पहिचान  लगायत मधेश प्रोफाइल

निर्माण गरेको छ। मधेश र मधेशी के हो ? कुन कुन जात जाति मधेशी हुन भन्ने सम्बन्धमा सिफारिस समेत गरेको छ। यस आयोगमा प्राप्त भएका उजुरीहरू आवश्यक कारबाहीको लागि सिफारिस गरी पठाइएका छन्। यस आयोगमा हालसम्म प्राप्त उजुरीहरू निम्नप्रकारका रहेका छन्।

हत्या, बलात्कार, थर सूचीकरण, ठगी अनियमितता /लुटपाट, बोक्सी/अन्धविश्वास/धामी झाँक्री, मानव वेचविखन, मधेशीको हकहित, भाषा, कला, संस्कृति, जग्गा, कृषि, मल, सिंचाई, मृत्यु, कुटपिट, एसिड आक्रमण, घरेलु हिंसा, नागरिकता, वैदेशिक रोजगार, भ्रष्टाचार, शिक्षा, नदी नियन्त्रण, स्वास्थ्य, मानव अधिकार, सार्वजनिक सेवा (कर्मचारी र प्रशासन), खुल्ला सीमाना, जग्गा कटान अतिक्रमण, सामाजिक सञ्जाल, विभेद, विकास र विवाद, न्याय, राहत क्षतिपूर्ति, प्रदुषण, सीप, महिला सशक्तीकरण, बालविवाह, जनावर संरक्षण, लागु पदार्थ दुर्व्यसन तथा अवैध व्यापार, जनप्रतिनिधि, उद्योग, रेलवे, मधेशी प्रमाणित, बैंक तथा वित्तीय, मिडिया, आरक्षण, उखु किसान, गालीगलौज, कोभिड -१९, अन्य।

**विन्दुदेवी शर्मा**
शाखा अधिकृत

## राष्ट्रिय दलित आयोग

नेपालमा मानव अधिकारको सामान्य सुचना राख्ने जो कसैलाई पनि थाहा छ कि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यसको कति पैरवी गर्‍यो भन्ने कुरा। मानव अधिकार महासन्धिको पक्ष राष्ट्रका रूपमा धेरै पहिले हस्ताक्षर गरे पनि नेपालमा मानव अधिकारको संस्थागत अभियानकर्ताको हैसियतले इन्सेकले निकै लामो र महत्त्वपूर्ण योगदान गरेको छ। वर्षभरि मानव अधिकार उल्लङ्घन कहाँ कहाँ भयो, ककसले यस्ता घटनाहरूबाट पीडित हुनु पर्‍यो, राज्यपक्षबाट मानव अधिकार संरक्षण वा उल्लङ्घनमा कस्तो भूमिका रहयो भन्ने फेहरिस्त सहित मानव अधिकार आन्दालनको तर्फबाट गरिएको पैरवीको विवरण समेटिएको 'मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशनको तयारीमा रहेको कुरा थाहा पाउँदा खुशी लाग्यो।

इन्सेकद्वारा प्रकाशन गरिने यो पुस्तक मानव अधिकार क्षेत्रको आधिकारिक दस्तावेज हो। तसर्थ राष्ट्रिय दलित आयोग पनि नेपालका मानव अधिकार उल्लङ्घनबाट सबैभन्दा आहत समुदायको उत्थान, पैरवी र मूलप्रवाहीकरणका लागि स्थापित संवैधानिक संस्था हो। केही दिन र वर्ष मात्र होइन, चरम मानव अधिकार हनन्‌बाट युगौंयुगदेखि उत्पीडनमा परेको समुदाय हो- दलित समुदाय। यो समुदायलाई नेपाली समाजले मान्छेको हैसियत दिएको छैन। मान्छेको रूपमा हेरिएकाहरूको मानव अधिकारको परिभाषाभित्र पर्दोरहेछ, जसलाई समाजले मान्छेको दर्जा नै दिएको छैन, उसको मानव अधिकारको विषय हाम्रो चलनचल्तीको भाषामा मानव अधिकारको परिभाषाभित्र पर्दोरहेनछ। यो अवस्थाका दलितहरूको विषयमा कसले पैरवी गरिदिने?

भर्खरै एकजना दलित समुदायको व्यक्तिको रामेछापमा हत्या गरियो र भनियो- जाँड खाएर मरेको। हत्या गरेको देख्ने प्रत्यक्षदर्शीहरू पनि एकलौटी बयान दिन तयार भए कि जाँड खाएको कारणले आफै मरेको हो भनेर। मौखिक कुरा गर्दा हत्या फलानाले फलानाको गरेको हो भन्ने मान्छेले लिखित बयानमा जाँड सेवनको कारणले मरेको हो भनेर सहीछाप गर्नु, न्याय मार्नु, मानव अधिकार प्रतिकूल हुने कार्य गर्नु नै हो। यो सामान्य दृष्टान्तका रूपमा लिने अवस्था छ किनकी दिनहुँजसो दलितमाथि अन्याय अत्याचार भइरहेको छ र यसको अन्त्यको लागि राष्ट्रिय दलित आयोगले राज्य र दलित समुदायलाई जोड्ने सम्बन्ध सेतुको काम गर्दछ।

नयाँ संविधान र २०६८ को कानुन बन्नुपूर्व दलित समुदायमाथि अन्याय गर्नु अन्य समुदायको अधिकारको रूपमा हेरिन्थ्यो भने अहिले केही संवेदनशीलताको विकास बाध्यतात्मक रूपमै भए पनि भएको अवस्था छ। हिजो उल्टो दिशातिर प्रवाहित समाज व्यवस्थालाई आज सुल्टोदिशातिर प्रवाहवान गर्नु परेको छ। सभ्य समाजका प्रत्येक सदस्यको अहम् कर्तव्य हो कि- सबै प्रकारका असमानता र विभेदको अन्त्य गर्नु। हामी त्यो दिशातिर अग्रसर छौँ। हजारौं हजार वर्षसम्म अभ्यास गरिएका कुसंस्कृति र कुप्रथाहरू रातारात अन्त्य हुँदैनन्। तथापि उत्पीडन गर्ने पक्षको तर्फबाट प्रभावकारी कदम चालिनु पर्दछ। यसका कमी भइरहेको हामीले अनुभूत गरेका छौँ।

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा नेपालको हिन्दू धर्म सम्प्रदायमा व्याप्त उचनीच, सानो-ठूलो, जातपात छुवाछूत रूपी कुप्रथा अन्त्यका लागि विशेष

अध्ययन अनुसन्धान सहितको विशेषाङ्क प्रकाशन गरियोस्। नेपालका उपलब्ध हिन्दू धर्मशास्त्रका विद्वान्हरू, विश्वविद्यालयका प्राध्यापकहरू, नेपालको मानव अधिकार क्षेत्रका अगुवाहरू सम्मिलित त्यो अध्ययन अनुसन्धानको प्रतिवेदनपछि गाउँ-गाउँ, टोल-टोलमा जागरण पैदा होस् कि कसैले कसैलाई जातको आधारमा उचनीचको व्यवहार गर्नु धर्म होइन पाप हो भन्ने कुरा सर्वसाधारणले जान्न बुझ्न सकून्। इन्सेकले यो काममा अगुवाई गरोस् भन्ने आशा गर्न चाहन्छु।

दलित समुदायको मानव अधिकार संरक्षणको लागि राष्ट्रिय दलित आयोगले साधन स्रोतको अपर्याप्तताका बाबजुद पनि काम गरिरहेको छ। आयोगसँग दलित समुदायका आशा अपेक्षा धेरै छन् तर सम्बोधन गर्ने सामर्थ्य आयोगसँग कम छ। जे होस् दलित समुदायको मानव अधिकारको संरक्षण गर्नु ५० प्रतिशत मानव अधिकार समस्याको हल हुनु हो।

त्यसैले मानव अधिकार क्षेत्रको चुनौती र सम्भावना दुवै हो भन्दा अन्यथा नहोला। हामी उत्पीडनमा पारिएका र मानव अधिकार क्षेत्रको सिङ्गो प्रयत्नले यो समस्या हल गर्न सकिन्छ भन्नेमा विश्वस्त छौँ।

**देवराज विश्वकर्मा**
अध्यक्ष

## नेपाली सेना

नेपाली सेना अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धन गर्न प्रतिबद्ध छ। अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी नेपाली सेनाले लिएको 'शून्य सहिष्णुताको नीति कार्यान्वयन गर्ने उद्देश्यले मानव अधिकार निर्देशिका, २०७९ जारी गरिएको छ। सन् २०२२ मा नेपाली सेनाको वार्षिक तालिम निर्देशिका अनुसार सुर्खेत र पोखरास्थित पृतना हेडक्वाटरहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी आधारभूत तालिम समेत सञ्चालन गरी सकल दर्जाहरूलाई प्रशिक्षित गराइएको व्यहोरा अनुरोध गरिन्छ।

**मानबहादुर महरा**
सहायक रथी, निर्देशक

## नेपाल प्रहरी

वर्ष २०२२ को अवधिमा देशको मानव अधिकारको अवस्थालाई प्रकाश पार्दै मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले यस वर्ष पनि 'मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ।

राज्यले मानव अधिकारका मूल्य मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकको रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यले कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनहरूद्वारा सुनिश्चित अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि कटिबद्ध छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुन बमोजिम प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकार संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाले आफ्नो मुख्य दायित्व र कर्तव्य रूपमा ग्रहण गरेको जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ।

नागरिक अधिकारहरूको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीहरूमा मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न तथा प्रहरीबाट मानव अधिकार उल्लङ्घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ माघ २ गते विशिष्टिकृत एकाइको रूपमा मानव अधिकार सेलको स्थापना गरिएको थियो र यो एकाइ समयक्रममा विकसित र परिमार्जित हुँदै हाल 'मानव अधिकार उल्लङ्घन अनुगमन एकाइ' को नामले क्रियाशील छ। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकारमैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरीले काठमाडौँ उपत्यका प्रहरी कार्यालय र सात प्रदेश प्रहरी कार्यालयमा मानव अधिकार शाखा र प्रत्येक जिल्ला प्रहरी कार्यालयमा मानव अधिकार सम्पर्क अधिकृतको व्यवस्था गरेर मानव अधिकारसम्बन्धी विभिन्न

क्रियाकलाप तथा गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ।

नेपालमा प्रहरीले मानव अधिकारलाई आफ्नो साङ्गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तितर्फ विगत एकवर्षमा सम्पादन गरेको कार्यहरू निम्न बमोजिम छन्।

### १. मानव अधिकार संरक्षणतर्फ

- मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जाल मार्फत गुनासो गर्न सक्ने सेवा सुविधा तथा प्रावधान मिलाइएको।
- सम्मानित अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा सबै प्रहरी एकाइहरूलाई जानकारी दिने गरिएको।
- कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना भएको भनी उजुरी प्राप्त वा पत्रपत्रिका, अनलाइन तथा अन्य विविध श्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएका प्रहरी कर्मचारीलाई कानुन बमोजिम विभागीय कारबाही गर्ने गरिएको। आ.व. २०७९/०८० मा ९ समेत गरी हालसम्म ८ सय १८ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।
- प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको।
- प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अमानवीय व्यवहार र हिरासत कक्षको व्यवस्थापन जस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति Principle of Rule of law को अनुसरण, अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको।

### २. मानव अधिकार संवर्द्धनतर्फ

- नेपालमा प्रहरी Doctrine of Fair Trail मा मानव अधिकारसम्बन्धी प्रशिक्षक (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको।
- वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी Protection and Promotion of human rights (TOT) सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरीमा कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको छ। जसअनुसार चालु आ.व.मा ५२ जना तथा हालसम्म २६ हजार २ सय ३१ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।
- उपत्यकास्थित काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत कार्यालय, जिल्ला प्रहरी परिसर, प्रहरी वृत्त र प्रभागहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्येक महिना पूवर्ताजगी स्वरूप १ दिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको साथै चालु आ.व. २०७९/०८० को पुस महिनासम्ममा १० हजार ७ सय ८३ जनालाई प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहने भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत काठमाडौँ उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम विभिन्न ठाउँमा प्रत्येक महिना सञ्चालन गर्दै आएको तथा आ.व. २०७९/०८० को पुस महिनासम्ममा ८८ वटा कार्यक्रम सञ्चालन गरी ७ हजार ७९ जना सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको साथै कथित बोक्सीको आरोप, दाइजो, छुवाछूत जस्ता विकृति विरुद्ध कार्यक्रमहरू, स्कूल तथा समुदाय

सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमहरूसमेत सञ्चालन गरिएको।

**३. मानव अधिकार परिपूर्ति (Human Rights Fulfill) तर्फ**

- सीमित भौतिक तथा मानव श्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई राहत/क्षतिपूर्ति दिनेतर्फ चालु आ.व.मा २० हजार ९ सय १६ मुद्दा दर्ता भई अनुसन्धान कार्य गरिएको।
- सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएको निर्णय/फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गरिएको।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिन र वर्षहरूमा समेत अझ सशक्त र सक्रिय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनसँग सम्बद्ध कार्यहरूमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौँ। साथै, नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षा समेत गर्दछौँ।

मानव अधिकारको संरक्षण र परिपूर्ति एवम् मानव अधिकार प्रवर्द्धन गर्ने कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौँ।

**गोपालचन्द्र भट्टराई**
प्रहरी उपरीक्षक
नेपाल प्रहरी प्रधान कार्यालय

## सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनतामा शून्य सहनशीलताको नीति अवलम्बन गरे अनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुर अनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकार जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसार-पसार जस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्म रूपमा निगरानी बढाई पीडितहरूलाई न्याय दिलाउन सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि सोही अनुरूप पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकारको संरक्षणमा संवेदनशील एवं सचेत गराउने उद्देश्यले मानव अधिकार सेल र सरकारी तथा गैरसरकारी सङ्संस्थाहरूबाट प्रशिक्षक झिकाइ मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्य अनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डर बमोजिम मानव अधिकार अनुशिक्षण तालिम सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैब प्रतिवद्ध रहेको छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य समेत गर्दै आइरहेको छ। सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि. सं. २०७८ पुस १७ गतेदेखि २०७९ पौष १६ गते ) सम्म बल प्रयोगसम्बन्धी संयक्त राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी एक वर्षको अवधिमा मात्र १ सय ७५ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनको कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा

समेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउँदै आएको छ।

अन्तमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिक रूपमा प्रकाशन गर्ने 'मानव अधिकार वर्ष पुस्तक २०२३' को सफलताको कामना गर्दै नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भने विश्वास दिलाउन चाहन्छ। साथै, आगामी दिनमा समेत मानवअधिकार संरक्षण सम्बन्धमा इन्सेक तथा अन्य सरोकारवाला निकायसँग निरन्तर सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

**युवराज अर्याल**
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
मानव अधिकार सेल,
सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय

## नेपाल पत्रकार महासङ्घ

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि हरेक वर्ष देशको मानव अधिकारको स्थिति आँकलन गर्दै वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यो सराहनीय काम हो। यस्तो पुस्तक प्रकाशनले देशको मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू अभिलेखीकरण हुने, मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्न मद्दत पुग्ने तथा देशको मानव अधिकारको अवस्थाबारे अध्ययन र अनुसन्धान गर्ने सबैलाई उपयोगी हुने विश्वास लिएको छु।

यसै परिप्रेक्षमा इन्सेकले सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि.सं. २०७८ पुस १७ गतेदेखि २०७९ पुस १६ गतेसम्म) को मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३' प्रकाशन गर्न लागेकोमा खुसी प्रकट गर्दै शुभकामना दिन चाहन्छु।

मानव अधिकारका सवालमा नेपाल पत्रकार महासङ्घले पनि नजिकबाट अध्ययन गरिरहेको छ। प्रेस स्वतन्त्रता र मानव अधिकारका सम्बन्धमा महासङ्घले छुट्टै अनुगमन डेस्कको स्थापना गरेर नेपालको प्रेस स्वतन्त्रता र मानव अधिकारको अवस्थालाई अध्ययन र अनुगमन गरिरहेको छ। यो डेस्कले सञ्चारकर्मी र सञ्चारमाध्यममाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन र अध्ययन गरी अभिलेखीकरण गर्दै आएको छ।

महासङ्घको अभिलेखमा सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ (वि.सं. २०७८ पुस १७ गतेदेखि २०७९ पुस १६) सम्ममा प्रेस स्वतन्त्रता हनन्का ५३ वटा घटना अभिलेख भएका छन्। ५३ ओटा घटनामा १ सय ३२ पुरुष र १८ जना महिला पत्रकार पीडित भए भने चारओटा सञ्चारमाध्यमसमेत प्रभावित बन्न पुगे।

यो वर्ष नयाँ शैलीमा डिजिटल माध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण भएको पाइयो। अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, सङ्गठनिक रूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा ह्याक गर्ने काम भएको पाइएको छ।

यस्तै यो वर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारबाट प्रेसविरोधी प्रावधानसहितका सञ्चारसम्बन्धी विभिन्न कानुनहरू बनाउने तथा संसद्मा दर्ता गर्ने काम भए। हाल विचाराधीन अवस्थामा रहेका ती कानुनहरू संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध रहेको छ।

पत्रकारिता क्षेत्रमाथि भएका यी समग्र घटनाहरूले देशको मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता मानव अधिकारविरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू लगायतको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

**विपुल पोखरेल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ